(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०७८ साल बैशाख १ गते देखि २०७८असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


जिल्ला समन्वय समितिको कार्यालय, गोरखा

फोन ०६४- ४२०१४४, इमेल : ddcgorkha@gmail.com

Website : dccgorkha.gov.np

# विषय सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार | १ |
| ३. | जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण | २ |
| ४. | प्रदान गरिने सेवा | ३ |
| ५. | सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु | ३ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अबधि | ३ |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ३ |
| ८. | निर्णय उपर उजूरी सुन्ने अधिकारी | ३ |
| ९ | सम्पादन गरिएका मुख्य मुख्य कामहरु | ४ |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | ४ |
| ११. | ऐन, नियम र निर्देशिकाको सूची | ४ |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोवार | ५ |

**(१) कार्यालयको स्वरुप र प्रकृति :**

नेपालको संविधानको धारा २२० को उपधारा (७) मा व्यवस्था भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन भएको जिल्ला समन्वय समितिमा ९ जना पदाधिकारीहरु रहने व्यवस्था छ । १ जना प्रमुख, १ जना उप प्रमुख सहित अन्य ७ जना निर्वाचित सदस्यहरु रहन्छन् । त्यस्तै गरी दैनिक प्रशासनिक कार्य गर्न १ जना समन्वय अधिकारी सहित अन्य दरवन्दी अनुसार निजामती कर्मचारीहरु रहने व्यवस्था छ । प्रदेश सरकारद्वारा जारी गरिएको ऐन, कानून र अन्य कार्यबिधि अनुसार जिल्ला स्थित संघिय, प्रदेश एवं स्थानीय कार्यालय र पालिकाहरु वीच समन्वय र विकास निर्माणका कार्यहरुको अनुगमन गर्नु यसको मुख्य कार्य हो ।

**(२) जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(१) प्रदेशले अन्यथा व्यवस्था नगरेसम्मको लागी नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १२ ले तोकेको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्ययवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने ।

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागी प्रदेश तथा संघ संग समन्वय गर्ने ।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने ।

(ङ) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका बिच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागी समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्स्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन गर्नको लागी मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आ.ब. समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने,

(ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तीमिा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

**(३) जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र विवरण :**

जिल्ला सभाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी र अन्य आवश्यक कर्मचारी रहने व्यवस्था छ । यस अनुसार निम्न श्रेणी र दर्जाका कर्मचारीहरु रहने छन् :

| क्र.सं. | पद र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी, रा.प.द्वितीय | १ | |
| २ | शाखा अधिकृत, रा.प.तृतीय | १ | **रिक्त** |
| ३ | ना.सु. रा.प.अनं. प्रथम | १ | **रिक्त** |
| ४ | लेखापाल रा.प.अनं.प्रथम | १ | **रिक्त** |
| ५ | खरिदार रा.प.अनं. द्वितीय | १ | **रिक्त** |
| ६ | ईञ्जिनियर रा.प.तृतीय (प्रा.) | १ | **रिक्त** |
| ७ | सब. ई. रा.प.अनं. प्रथम (प्रा.) | १ | **रिक्त** |
| ८ | सवारी चालक श्रेणी विहीन | ३ | सेवा करारमा |
| ९ | कार्यालय सहयोगी श्रेणी विहीन | ३ | सेवा करारमा |
| | जम्मा | १३ | रिक्त ६ |

**(४) प्रदान गरिने सेवा :**

(क) यस समन्वय समितिबाट विभिन्न निकायहरुबाट माग भएको जानकारीहरु, सूचना माग सम्बन्धी सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान गरिने गरिएको ।

(ख) पालिकाहरुबाट माग भएको र सम्झौता अनुसार जि.स.स.को कोषमा रहेको रकम निकासा गर्ने गरिएको ।

(ग) पालिकाहरु र विभिन्न संघ, संस्थाहरु एवं कार्यालयहरु वीच समन्वय र आवश्यकता अनुसार बैठक बस्ने गरिएको ।

(घ) संघीय एवं प्रदेश सरकार मातहत कार्यालयहरुबाट भए गरेका विकास निर्माणका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने गरेको ।

(ङ) स्थानीय तहहरुको आवश्यकता अनुसार समन्वय एवं अनुगमन गर्ने गरिएको ।

**(५) सेवा प्रदान गर्ने निकाय र जिम्मेवार कर्मचारीहरु :**

| | |
|---|---|
| (क) जिल्ला समन्वय अधिकारी | – श्री नानी बाबु पोखरेल |
| (ख) शाखा अधिकृत | – शाखा अधिकृत (प्रशासन शाखा) (सूचना अधिकारी) |
| (ग) ना.सु. | – प्रशासन शाखा |
| (घ) लेखापाल | – लेखा शाखा |
| (ङ) खरिदार | – जिन्सी शाखा |

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तूर र अबधि :**

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार ब्यवस्था भएकोमा सोही अनुसार ,

(ख) जिल्ला सभाद्वारा पारित गरिएका कार्यहरुको समय तोकिएकोमा सोही अनुसार ,

(ग) सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिमको समय र दस्तूर ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

सम्बन्धित शाखाहरुबाट कार्य उठान एवं सम्पन्न गरिने ।

**(८) निर्णय उपर उजूरी सुन्ने अधिकारी :**

जिल्ला समन्वय अधिकारी

**(९) सम्पादन गरिएका मुख्य मुख्य कामहरु :**

(क) जि.स.स.बाट गर्ने कामहरुको जिल्ला सभा गरी सम्पन्न गरिएको ।

(ख) सम्बन्धित पालिकाहरुमा जि.स.स. मा रहेको कोष रकमबाट प्रस्ताब पेश भए अनुसार सम्झौता गरी निकासा गरिएको ।

(ग) संघीय सरकार एवं प्रदेश सरकारद्वारा विभिन्न ऐन, नियम र कार्यबिधि अनुसार तोकिएका कामहरुमा अनुगमन गरी प्रतिवेदन पेश गरेको ।

(घ) प्रदेश सरकारद्वारा विभिन्न कार्यालय मार्फत एवं पालिकाहरुमा संचालित योजनाहरुको अनुगमन गरिएको ।

(ङ) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रि सम्बन्धी प्रक्रियाको अनुगमन गर्न गठित **"नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति"** को बैठक आ.व. २०७७/०७८ को चौथो त्रैमासिकमा मिति २०७८/०३/१८ मा र मिति २०७८/०३/१९ मा गरी जम्मा २ (दुई) पटक सम्पन्न भयो ।

(च) **जिल्ला समन्वय समिति, गोरखाको बोर्ड बैठक** आ.व. २०७७/०७८ को चौथो त्रैमासिकमा निम्नानुसार सम्पन्न भएको छ।

| जि. स.स. ,गोरखाको बोर्ड बैठक भएको मिति | जम्मा बोर्ड बैठक संख्या |
|---|---|
| २०७८/०१/०६, २०७८/०१/२०, २०७८/०१/२६, २०७८/०२/०२<br>२०७८/०२/१७, २०७८/०२/२३, २०७८/०३/०१, २०७८/०३/१३ र २०७८/०३/२० | ९ (नौ) |

(छ) आ.व. २०७७/०७८ को चौथो त्रैमासिकमा गोरखा जिल्ला भित्र सञ्चालित विकास तथा निर्माणका जम्मा ३५ (पैतिस) वटा कार्यक्रमहरुको अनुगमन गरिएको छ।

**(१०) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

(क) कार्यालय प्रमुखको नाम, थर : नानी बाबु पोखरेल

(ख) सूचना अधिकारीको नाम, थर : नवेशराज हमाल

**(११) ऐन, नियम र निर्देशिकाको सूची :**

(१) नेपालको संविधान, २०७२,

(२) स्थानीय सरकार संचालन ऐन, २०७४,

(३) संघीय सरकार एवं प्रदेश सरकारबाट जारी गरिएका अन्य सम्बन्धित ऐन, कानून र निर्देशिकाहरु ।

## (१२) आम्दानी खर्च तथा आर्थिक कारोवार :

| क्र.सं. | ब.उ.शि.नं. | बजेट शिर्षक | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालय | १३२२८०००.०० | १०६५२११४.६० | १०६५२११४.६० | २५७५८८५.४० |
| २ | ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ७२००००.०० | ६६६९५४.०० | ६६६९५४.०० | ५३०४६.०० |
| ३ | ३३६००१०२३ | गरीबसँग विश्वेश्वर कार्यक्रम | ३७९०००.०० | ३७९०००.०० | ३७९०००.०० | ० |
| ४ | ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण कार्यक्रम (चालु) | १३५५२३५.०० | १२४२३५२.०० | १२४२३५२.०० | ११२८८३.०० |
| ५ | ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण कार्यक्रम (पूँजीगत) | १८००००.०० | १७९७२६.०० | १७९७२६.०० | २७४.०० |
| ६ | ३०१०००११३ | मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | २००००००.०० | १९३४४३६.६१ | १९३४४३६.६१ | ६५५६३.३९ |
| ७ | ३५००००११३ | सामाजिक विकास मन्त्रालय | २८००००.०० | २८००००.०० | २८००००.०० | 0 |

नवेशराज हमाल
सूचना अधिकारी

नानी बाबु पोखरेल
जिल्ला समन्वय अधिकारी